STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware नजिक)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ५ ○अंक २६८ ○श्रेणी 'क' ○२०७१ असार २६ गते बिहीबार ○ 10 July, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
✓EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓शुभमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!!
PLATFORM INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

एमाले केन्द्रीय समितिको संख्या बढ्यो

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २५ असार ।

नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशनले पार्टीको नेतृत्वमा समावेशीकरणसहित १५९ सदस्यीय केन्द्रीय कमिटी बनाउने प्रस्ताव पारित गरेको छ । जम्बो पदाधिकारी नबनाउन अधिकांश समूहगत छलफलबाट सुझाव आएपनि समावेशी कोटाका आधारमा १५ सदस्यीय पदाधिकारी बनाउने प्रस्ताव पारित भएको हो । यही असार १९ गतेदेखि भुकुटी मण्डपमा जारी महाधिवेशनको बन्द सत्रले प्रस्तुत विधान संशोधनको प्रस्तावमा प्रतिनिधिको सुझावपछि शीर्ष नेता र अध्यक्ष मण्डलको परामर्शमा स्टेरिड कमिटीले तयार गरेको परिमार्जित संशोधन पारित गरेको छ । यसअघि ११६ केन्द्रीय कमिटी रहेको थियो । पारित विधानअनुसार अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव २ र सचिव ५ रहेका छन् । उपाध्यक्ष र सचिवमा तीन/तीन जना महिला, जनजाति र मधेसीको समावेशी प्रतिनिधित्व हुनेछ ।

यसैगरी, निवर्तमान अध्यक्ष स्थायी कमिटीमा मताधिकारसहित स्वतः वरिष्ठ नेता हुनेछ । संगठन विभागका प्रमुख युवराज ज्ञवालीले प्रस्तुत गरेको विधानको प्रस्तावमा हेरफेर गर्दै १६९ सदस्यीय केन्द्रीय कमिटी बनाउने निर्णय बन्दसत्रले गरेको छ । बन्दसत्रमा कतिपय प्रतिनिधिले सङ्ख्या नबढाउन तथा थप समावेशी गराउन माग गरेपनि अध्यक्ष मण्डलको आग्रहपछि सर्वसम्मतिले विधान पारित गरेको हो । पहिलेको प्रस्तावित विधानमा कुल १४९ सदस्यीय केन्द्रीय कमिटी बनाउने उल्लेख थियो । सो प्रस्तावमा समूहगत छलफलपछि स्टेरिड कमिटीले १५१ सदस्यीय कमिटी प्रस्ताव गरेपनि समावेशीकरणको आवाज बढेपछि सङ्ख्या थपिएको हो ।

नयाँ विधानअनुसार कुल ११४ पूर्ण र ४४ सदस्यीय वैकल्पिक सदस्य हुनेछन् । वरिष्ठ नेता (भलनाथ खनाल) ले उम्मेदवारी दिनुपर्ने छैन । खुल्लातर्फ ५० पूर्ण र वैकल्पिक ६ जना केन्द्रीय सदस्य हुनेछन् । केन्द्रीय कमिटीमा ४५ सदस्य आरक्षित कोटाबाट चुनिने छन् । ४५ प्रतिशतलाई एक सय प्रतिशत मानी महिला, दलित, मधेसी, मुस्लिम, पिछडावर्ग, जनजाति, श्रमिकको प्रतिनिधित्व हुनेछन् । यसमा महिला पूर्ण सदस्य १७ र वैकल्पिकमा ५, जनजातिमा पूर्ण सदस्य १२ र वैकल्पिकमा ६, मधेसीमा पूर्ण सदस्य ९ र वैकल्पिकमा ४, पिछडिएको वर्गमा १ पूर्ण र वैकल्पिकमा २, मुस्लिममा २ पूर्ण र वैकल्पिकमा १ रहनेछन् ।

त्यसैगरी, दलित पूर्ण सदस्य ५, वैकल्पिक ३, श्रमिक पूर्ण २ र वैकल्पिक २, अञ्चल (भुगोल) बाट १५ पूर्ण र १५ वैकल्पिक, सम्पर्क मञ्च १ पूर्ण सदस्य हुने केन्द्रीय सदस्य भानुभक्त ढकालले जानकारी दिए । पारित विधानमा केन्द्रीय कमिटीमा उम्मेदवार दिएपछि तल्लो निकायको जिम्मेवारीमा रहेकाको पद स्वतः समाप्त हुनेछ भने जनवर्गीय संगठनको पदाधिकारी अञ्चल कमिटीको सरहको हैसियतमा रहने छन् ।

एमाले प्रचार विभागका प्रमुख प्रदीप ज्ञवालीले हालको चाहना धेरै पदाधिकारी नबनाउने भन्ने भएपनि स्टेरिड कमिटीको निर्णयले समावेशी विधान आएको बताए । उनले यस प्रकारको प्रगतिशील विधान अन्य राजनीतिक दलसँग नभएको दावी गरे । विधान पारित भएसँगै अध्यक्ष मण्डलले केन्द्रीय निर्वाचन आयोगलाई निर्वाचनको कार्यक्रम प्रारम्भ गर्न मञ्च हस्तान्तरण गरेको छ । यद्यपि दलित समुदायले विधानमा अझै असन्तोष जनाइरहेका छन् । निर्वाचन आयोगले कार्य प्रारम्भ गरेपछि माधवकुमार नेपाल र केपी शर्मा ओली समूहले आ-आफ्ना तर्फका उम्मेदवारी (प्यानल) निर्माणको कार्य पनि सुरु गरेका छन् । त्यसका लागि दुवै समूहका शीर्ष नेताहरु अनौपचारिक छलफल (गृहकार्य) मा रहेका छन् ।

निर्वाचन आयोगको समेत सहयोग लिइने भरतमोहनले पद नलिने

नेकपा (एमाले) को नवौं महाधिवेशनमा नयाँ नेतृत्वका लागि हुने निर्वाचनमा पार्टीको केन्द्रीय निर्वाचन आयोगप्रति पूर्ण विश्वास रहेको नदेखिएपछि संवैधानिक निकाय निर्वाचन आयोगको पनि सहयोग लिइने भएको छ । गत आठौं महाधिवेशनबाट सोमनाथ अधिकारी प्यासीको अध्यक्षतामा गठित १३ सदस्यीय केन्द्रीय निर्वाचन आयोगमा रहेका पदाधिकारी पनि समूहगत (गुट/उपगुट) प्रभावमा पर्नसक्ने भएकाले अध्यक्षका प्रत्याशीहरु माधवकुमार नेपाल र केपी शर्मा ओली दुवै समूहको सहमतिका निर्वाचन आयोगलाई त्यस्तो आग्रह गरिएको हो । विद्युतीय मतदान गर्ने यसअघिको निर्णयमा विवाद भएपछि मतपत्रबाट निर्वाचन गर्ने पछिल्लो निर्णयलाई कार्यान्वयन गराउने क्रममा राज्यको निर्वाचन आयोगलाई आमन्त्रण गरिएको पार्टीको केन्द्रीय निर्वाचन आयोगका सदस्य सानुराज पोखरेलले जानकारी दिए । पोखरेलले निर्वाचन गराउन आयोगबाट ११ जना निर्वाचन (कानून) अधिकृत र आवश्यक सङ्ख्यामा गणकहरु आउने जानकारी दिए । पार्टीको आयोगका वर्तमान पदाधिकारीमध्ये अध्यक्ष सोमनाथ अधिकारी प्यासी, सदस्यहरु महेश नेपाल, रामप्रसाद श्रेष्ठ, लालुबाबु यादव र पोखरेलले कुनै पदमा उम्मेदवारी नदिने भएकाले उनीहरु निर्वाचनको प्रक्रियामा सहभागी हुने छन् । आयोगले विभिन्न १२ मतदान केन्द्र र ३० मतपेटिकाको व्यवस्था गर्नेछ ।

अठहत्तर वर्षीय नेता भरतमोहन अधिकारीले आफू नयाँ नेतृत्वको कुनै पदमा उम्मेदवारी नदिने जानकारी बन्द सत्रलाई गराएका छन् । पूर्व उपप्रधान तथा अर्थमन्त्री अधिकारी विगत छ दशकदेखि कम्युनिष्ट आन्दोलनमा सक्रिय छन् । उनले सक्रिय राजनीति नगर्ने भन्दै सो घोषणा गरेहका हुन । विधान संशोधनको प्रस्तावमा ७० वर्षमा नेतृत्वबाट अवकाश लिनुपर्ने उल्लेख छ ।

अधिल्लो महाधिवेशनबाट मोहनचन्द्र अधिकारी, गोविन्द ज्ञवाली, मोदनाथ प्रश्रित, सिद्धिलाल सिंह, कमल कोइरालालगायतले सक्रिय राजनीतिबाट अवकाश लिएका थिए ।

प्रहरीद्वारा विभिन्न अभियोगमा ६ जना पक्राउ

खोलाबाट पानी तान्नेक्रममा चिप्लिएर चौधरीको मृत्यु

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असार ।

पोखरा उपमहानगरपालिका वडा नं. ८ सुजनचोकस्थित कृष्ण रानाको घरमा डेरा गरी बस्ने ५ जनाबाट प्रहरीले एक किलो २९८ ग्राम यार्सागुम्बा बरामद गर्नुका साथै पाँचै जनालाई पक्राउ परेको छ ।

प्रहरीले पाएको सूचनाको आधारमा बडा प्रहरी कार्यालयबाट खटिएको टोलीले यार्सागुम्बा सहित उनीहरुलाई जिल्ला वन कार्यालय मार्फत आवश्यक कार्वाही प्रक्रिया शुरु गरेको कास्कीका प्रहरी नायब उपरीक्षक केदार रजौरेले जानकारी दिए । पक्राउ पर्नेहरुमा म्यागदी मलकावाङ गाविसका २८ वर्षीय शंकर छन्त्याल ३१ वर्षीय महेन्द्र छन्त्याल, २४ वर्षीय जगेन्द्र छन्त्याल र २७ वर्षीय रामप्रसाद छन्त्यालका साथै बारलुङ्ड वुङ्गादोभानका ३३ वर्षीय लालबहादुर घर्ती रहेका छन् ।

यसैगरी लमजुङको मालिड गाविस ८ घर भई हाल लेखनाथ ७ शिशुवा बस्ने २४ वर्षीय सन्देश मगरलाई पनि प्रहरीले लागूऔषध सहित पक्राउ गरेको छ ।

लेखनाथ स्थित निजको कोठाबाट लागू औषध डाइजोपाम, बुपिनरफिम, फेनेरागन, नाइट्रो भ्याट सहित २० पोका गाँजा समेत बरामद गरी लागू औषध ऐन अनुसार कार्वाहीको प्रक्रिया अघि बढाएको प्रहरीले जनाएको छ ।

यसैबीच कास्कीको लेखनाट नगारपालिका १३ मजुवामा रहेको स्टोड एगिरेटमा काम गर्ने १९ वर्षीय बीरेन्द्र चौधरीको तनहुँको दुलेगौंडा गाविसको कोत्रे नजिकै सेती नदीमा चिप्लिएर मृत्यु भएको छ । मृत्यु हुने चौधरी कैलाली राजापुर घर भई हाल लेखनाथ-१३ मजुवा बस्दै आएका थिए । नदीबाट मोटरले पानी तान्ने क्रममा चिप्लिएर सेती नदीमा खसेका चौधरीको नदीले बगाएर मृत्यु भएको कास्कीका प्रहरी नायब उपरीक्षक केदार रजौरेले जानकारी दिए । सेती नदीको बीच भागमा तैरिएको अवस्थामा लाश देखिएपछि स्थानीयवासीले प्रहरीमा खबर गरेका थिए । चिप्लेएको स्थानदेखि करिब चारसय मिटर तल तनहुँको शुक्ला गण्डकी नगरपालिका ३ चुइने मुढा बन्ने स्थानमा दिउसो ३ बजेतिर उनको शव भेटिएको र आवश्यक अनुसन्धान भने तनहुँ प्रहरीले गरिरहेको छ ।

पोखरामा थ्रिजि इन्टरनेट सेवा अपग्रेड हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असार ।

नेपाल टेलिकमले हुवावे कम्पनिको नयाँ प्रविधिमा आधारित भएर थ्रीजी मोवाइल इन्टरनेट सेवाको सिस्टम पोखरामा पनि अपग्रेड गर्ने भएको छ । देशका अन्य केही सयानमा यो प्रविधि शुरु भैसके पनि पोखरामा भने विशीवारदेखि यो सेवा सुरु गर्न लागेको हो । हुवावेको प्रविधिबाट सेवा विस्तारका लागि पोखरा र आसपासका क्षेत्रमा रहेका बिटिएस टावरको क्षमता समेत वृद्धि गरिएको टेलिकमले जनाएको छ ।

हुवावेको प्रविधिमा आधारित रहेर चलाउँदा मोवाईल तथा इन्टरनेट सेवामा गुणस्तर आउनेछ विश्वास नेपाल टेलिकम पोखराका विक्री प्रमुख राजेश रेग्मीले व्यक्त गरेका छन् । पोखरामा अहिले करिब ६० वटा बिटिएस टावर छन् । सेवा विस्तार गर्न क्रमसा एकसाताभित्र ती सबै टावरमा नयाँ प्रविधि जडान भईसक्ने छन् । अहिलेसम्म जेडटिइ प्रविधिमा आधारित रहेको मोवाईल अब हुवावेको प्रविधिबाट चल्ने र अहिलेसम्म मोवाईल इन्टरनेट सुस्त भएको गुनासो गर्ने उपभोक्ताले अब तिव्रगतिमा चलाउन पाउने टेलिकमको विश्वास छ ।

यो प्रविधिबाट अहिलेसम्म काठमाडौं सहित हेटौंडा, भद्रपुर, इलाम बनेपा लगायतका सहरमा मोवाइल इन्टरनेट सेवा चलिसकेको छ । हुवावेको प्रविधिबाट चल्ने इन्टरनेटको गति ७ दशमलव २ एमविपिएस हुनेछ । यसअघि जेडटिइ प्रविधिमा पनि यहि नै गतिमा इन्टरनेट चल्दै आएको भएपनि उपभोक्ताले सुस्त गति भन्दै गुनासो गर्दै आएकाले पोखरा क्षेत्रमा सेवा पुगेपछि टेलिकमले आसपासका तनहुँ, गोरखा, लम्जुङ, स्याङजामा पनि यो सेवा संचालन गर्ने टेलिकमले जनाएको छ ।

निजि क्षेत्रले टेलिकमको सिम/रिम बिक्री गर्न थालेसँगै यो प्रविधि विस्तार हुँदा ग्राहक सेवा र व्यापार प्रवर्द्धन प्रभावकारि बन्दै जाने हाम्रो विश्वास रहेको छ । यो प्रविधि थप्ने क्रममा केहि समय मोवाइल इन्टरनेट तथा ब्वाइस सेवा समेत अवरुद्ध हुनसक्ने भएकोले समस्या आएमा तत्काल मोवाइल स्विचअफ गरि अन गर्न रेग्मीले आग्रह गरेका छन् ।

प्रम कोइराला आगामी साता फर्कने

काठमाडौं २५ असार ।(रासस)

प्रधानमन्त्री सुशील कोइराला स्वास्थ्य उपचार गराएर आगामी साता स्वदेश फर्कने भएका छन् ।

अमेरिकाको न्युयोर्कस्थित मेमोरियल सोलान केटरिङ क्यान्सर सेन्टरमा विगत तीन सातादेखि उपचार गराइरहेका प्रधानमन्त्री कोइरालाको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको प्रधानमन्त्रीका निजी चिकित्सक कविरनाथ योगीले बताए । न्युयोर्कबाट डा योगीले राससलाई जानकारी दिएअनुसार आगामी एकसाताभित्र प्रधानमन्त्री कोइरालालाई स्वदेश फर्काउने तयारी भइरहेको छ । प्रधानमन्त्री कोइरालाको अमेरिकाको न्युयोर्कस्थित मेमोरियल स्लोन केटरिङ क्यान्सर सेन्टरमा उपचार भइराखेको छ । चिकित्सक योगीले प्रधानमन्त्री कोइरालाको उपचारमा संलग्न चिकित्सकले स्वास्थ्य अवस्थाको जानकारी लिएका थिए । पटकसम्म रेडियोथेरापी लिनुपर्ने सुझाव दिएको जानकारी दिएका छन् । प्रधानमन्त्रीका प्रेस संयोजक प्रकाश अधिकारीद्वारा बुधवार जारी विज्ञप्तिमा प्रधानमन्त्री कोइरालाको स्वास्थ्य अवस्था राम्रो रहेको डा योगीले जानकारी दिएको उल्लेख गरिएको छ । पाँचौं पटकको रेडियोथेपारी सम्पन्न भएपछि प्रधानमन्त्री कोइरालाको उपचारमा संलग्न चिकित्सकले स्वास्थ्य अवस्थाको जानकारी लिएका थिए ।

सभासदलाई पाँच करोड नदिन सर्वोच्चमा रिट

काठमाडौं २५ असार ।(रासस)

चौतर्फी विरोध हुँदाहुँदै सभासदहरूले आ-आफ्नो निर्वाचन क्षेत्रको विकास कार्यमा आफ्नुखुसी खर्च गर्न पाउने गरी माग गरिएको रु पाँच करोड विनियोजन नगराउन बुधबार सर्वोच्च अदालतमा रिट दायर भएको छ ।

विगतका वर्षमा प्रत्येक सभासदलाई आ-आफ्नो निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु दसलाख खर्च गर्न उपलब्ध गराइएको बजेटको दुरूपयोग भइरहेको कुरा उठिरहेको अवस्थामा विनायोजना आगामी आर्थिक वर्षका लागि त्यसैगरी रु पाँच करोड विनियोजन गरिँदा चरम आर्थिक अनियमितता हुनुका साथै आ-आफ्ना कार्यकर्ताको हालीमुहालीमा पार्टीका लागि सो रकम खर्च हुने स्पष्ट भएको अधिवक्ता खड्ग बहादुर बुढाथोकी(सुवास)ले दायर गरेको उक्त रिटमा उल्लिखित छ । काठमाडौं, झापा, धनुषा, चितवनलगायत जिल्लामा नियमित बजेटका साथै सभासदका नाममा विनायोजना रु पचास करोडभन्दा बढी रकम जाने र त्यस्तो रकमको उपयोगिता कागजमा मात्रै सीमित हुने तर दुर्गम पहाडी जिल्लामा भने कम बजेट पुग्ने निश्चित भएको पनि रिटमा उल्लिखित छ ।

एक वर्षभित्र संविधान निर्माण गर्ने जिम्मेवारी पाएका सभासदले जनचाहनाबमोजिम संविधान निर्माण गर्नुको सट्टा विनायोजना रु पाँच करोड खर्च गर्ने कार्यले जनमतको चरम दुरुपयोग हुने सम्भावना बहुनुका साथै राज्यकोषको अर्बौं रकम हिनामिना हुने भएकाले प्रस्तुत रिटको अन्तिम किनारा नलागेसम्म सो रकम विनियोजन गर्ने कार्य नगर्न/नगराउन अन्तरिम

बाँकी अन्तिम पृष्ठमा.....

Study in Tokyo Japan
Jan. Session-2015
(Funabashi.chiba-Deadline 2014/07/11)
Age : +2 Pass, 18-25 सम्म
Bachelor Pass - 30 सम्म
Contact
Nepal Japan Education Foundation
Amarsinghchowk, Pokhara-10
Tel: 061-432601, 9815164101

Accounting & Banking Training
MATCOSC नै किन ?
यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरूबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा प्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
❖Business Accounting (Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

Study, Work & Live in
NEW ZEALAND
Intake June / Jully 2014
Why Study in New Zealand
- New Visa Policies
- High Visa Success Rate
- High Chances for PR
- IELTS: Not Required*
- Pay Tuition Fees after AIP
- Post Study Work Permit
- Part Time Job Allowed (20 Hrs/Week & FT in Holidays)
Min Req: +2/'A'Level/ GED or eqvl. IELTS: Optional Levels: 5.6.7
Why Royal Int'l Edu. Network ?
- Experienced Team
- One on One Counseling
- NZQA's Colleges
- Part Time Job Search Assistance
- Airport Pick Up Facilities
- Accommodation Arrangements & many more...
ROYAL INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
Pokhara office: 2nd Floor, Batas Malla Complex, Chipledhunga, 061 551041
E: info@royalien.com W: www.royalien.com
Corporate Office: House # 134, Kushal Marga, Sukedhara, Kathmandu, T: 01 4015055
Available Courses
Business, Accounting, Culinary Arts, IT, Computing, Nursing, Pilot Training, Travel & Tourism, Cooking Training Hotel Management & many more...

रेष्टुरेन्ट बिक्रीमा
पोखरा-४, गैह्रापाटनमा अत्यन्त चालु अवस्थामा रहेको क्याफे एण्ड रेष्टुरेन्ट विशेषकारण वश तु-बिक्रीमा छ ।
पहिला आउनेलाई विशेष ग्राहयता
सम्पर्क : ९८४६०३७०८७

कर्मचारी आवश्यकता
सुनौलो पब्लिकेशन प्रा.लि.को प्रकाशन गोल्डेन न्यूज राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य उम्मेदवारले आफ्नो हस्तलिखित निवेदन र बायोडाटा सहित तुरुन्त सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।
१. पद : समाचारदाता/समाचार वाचक (महिला/पुरुष)
संख्या : केही
२. पद : कार्यालय सहायक (महिला)
संख्या : १ जना (कम्प्युटर सम्बन्धी ज्ञान भएको)
३. पद : कम्प्युटर अपरेटर (दिउसोका लागि)
संख्या : १ जना (पत्रिका डिजाइन गर्न सक्ने)
४. पद : ग्राहक शाखा प्रमुख
संख्या : १ जना (पोखराको विभिन्न क्षेत्रको जानकारी भएको)
४. पद : बजार प्रतिनिधि
संख्या : केही
सम्पर्कका लागि
गोल्डेन न्यूज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम.
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-४३५४५५
(जागिरका लागि टेलिफोनमा सम्पर्क नगरिदिनुहोला ।)

■ तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो ।

- बाइबल

सम्पादकीय . .

जनमैत्री संविधान बन्न जरुरी

यतिबेला संविधानसभामा राज्यको पुनर्संरचनाका बारेमा योजनाबद्ध तथा पूर्व नियोजित छलफल हुँदैछ भने बजेट अधिवेशन सकिएपछि पनि यसविषयमा छलफल हुनेछ । संविधानसभामा केही पात्र बाहेक यसमा कुनै नयाँपन छैन । यो विषय गत संविधानसभामा यस्तै छलफल तथा विवाद त्यसबेला भएको थियो । माओवादीले जातीय पहिचानयुक्त प्रदेश भनेको । सो कुरामा मधेशी मोर्चा माओवादीसँगै थियो । कांग्रेस-एमालेले बहुपहिचानको प्रदेश भन्दै जातीय पहिचानयुक्त प्रदेशलाई देशको विखण्डनसँग जोडेको थियो । अहिले यथारूप सोही पृष्ठभूमिको पुनरावृत्ति हुँदैछ । छुट्टाछुट्टै भएपनि अहिले संसद भित्रका सत्तावादी मधेशी दलहरू आँखा चिम्लेर एकीकृत नेकपा (माओवादी) को पछाडि हिंडेका छन् । पहिलेका संविधानसभाका घटनाक्रमहरू र अहिले त्यसको पुनरावृत्तिलाई गहिरिएर अध्ययन गर्दा स्पष्ट देखिन्छ कि, छिट्टै "घिऱ्रु बेच्वा र तलवार बेच्वा" कांग्रेस-एमाले र माओवादीका बीच एक सम्झौता हुनेछ । कांग्रेस-एमाले त त्यस सम्झौताका डिजायनर नै हुन् ।

तसर्थ उनीहरूको कुनै आपत्ति नहुने नै भयो । सबै मधेशीहरूलाई पनि स्मरण हुनु पर्दछ कि, त्यस बखतका पुरै मधेशी मोर्चाका खासगरी महन्थ ठाकुर र विजय कुमार गच्छदारले सो सम्झौताको मस्यौदामा सरिक भै सार्वजनिक रूपमै सहमति जनाएका थिए । त्यस बखत संविधानसभाका विभिन्न समितिहरूबाट सिफारिश भै आएका राज्यको पुनर्संरचनाका कतिपय विषयलाई सबैले पचाउन सकिरहेका थिएनन् । संविधानसभाबाट आएका ती सबै सहमतिहरूलाई प्रभावहीन बनाउन सम्झौता भएको थियो । वि.स. २०६९, जेठ २ को सम्झौतामा मुलुकमा ११ प्रदेश हुने भनिएको थियो । त्यस अनुसार मधेशलाई ५ प्रदेशमा विभाजित गरिएको थियो । त्यस डिजायनअनुसार बन्ने भनिएको ११ प्रदेशमा अपवादका २ प्रदेश बाहेक बाँकी सबै ९ वटै प्रदेशमा परम्परादेखि मुलुकको स्थायी सत्तामा वर्चस्व राख्ने खस समुदायको कि त बहुमत कि, सो समुदाय सबभन्दा ठूलो समूह हुने निश्चित थियो । यसरी नै जेठ २ को सम्झौतालाई भावी संसदका लागि प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने सदस्य संख्या र समानुपातिकबाट छानिने सदस्यहरूको संख्या बराबरी राखिएको थियो । यो एक महान दूरदायपूर्ण योजना थियो । संविधानसभाको पहिलो निर्वाचनमा प्रत्यक्ष निर्वाचन र समानुपातिकबाट छानिने सदस्यहरूको अनुपात ४०/६० थियो । समानुपातिको अनुपात ६० प्रतिशत हुँदा स्वभावतः पहिलो संविधानसभामा मधेशी, जनजाति, दलित आदिको प्रतिनिधित्व निकै बढेको थियो । विगतका निर्वाचन प्रणालीको सूक्ष्म विश्लेषण गर्दा थाहा हुन्छ कि, समानुपातिकको प्रतिनिधित्व ६० प्रतिशत कायम हुँदा बाहुन-क्षेत्री जस्तो राजनीतिक वर्चस्ववादी समुदायको समानुपातिकबाट प्रतिनिधित्व ३० प्रतिशतमा खुम्चिन्छ । यो यस समुदायलाई कदापि पनि मान्य छैन । यसैले गर्दा जेठ २ गतेको सम्झौतामा भावी संसदका लागि प्रत्यक्ष र समानुपातिकबाट ५०/५० प्रतिशतको प्रतिनिधित्वमा सहमति गरियो ।

त्यस बखत नयाँ संसदको संरचना ३११ जनाको हुने भनिएको थियो । यसमा १७१ जना प्रत्यक्ष निर्वाचनबाट छानिने भनिएको थियो । यहाँ मननीय अर्को रोचक पक्ष छ । यस सम्झौतामा मुलुकको विद्यमान जिल्लाको संरचनालाई कायम राख्दै हरेक जिल्लाबाट कम्तिमा १ जना संसदमा जानु पर्ने भनिएको थियो । फलतः ७५ जना संसद सदस्यमध्ये मुलुकको कुल जनसंख्याको लगभग ५१ प्रतिशत रहेको मधेशबाट २० जना मात्र संसदमा जाने र कुल ४९ प्रतिशत जनसंख्या रहेको पहाडी भेगबाट ५५ जना सांसदको संसद प्रवेशलाई सुरक्षण दिइएको थियो । बाँकी ९६ जनाको निर्धारण भने जिल्लाहरूको जनसंख्याको आधारमा हुने भनिएको थियो । वि.स. २०६९ जेठ २ गते सो सम्झौता गरिँदा पनि यसको परिणामले संविधानसभाका तत्कालीन राज्य पुनर्संरचना तथा शक्तिको बाँडफाँट समितिको सिफारिशलाई प्रभावहीन बनाउन खोजिएको थियो । अहिलेको संविधानसभाले पहिलो संविधानसभाका सिफारिशहरूको स्वामित्वलाई ग्रहण गरेको छ । तर, यदि जेठ २ को सम्झौताअनुसार सहमति खोज्ने हो भने पहिलो संविधानसभाका राज्य पुनर्संरचना सम्बन्धि सिफारिशहरूको प्रभावमा योजनाबद्ध रूपले ग्रहण लाग्ने निश्चित छ । यसमा मधेशी, जनजाति, दलित लगायत उपेक्षित र बहिष्करणमा पारिएका समुदायले चनाखो हुनु जरुरी छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ २६ गते बिहीबार, तदनुसार जुलाई १० सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामसंवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार आषाढशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज आषाढशुक्लपक्षको त्रयोदशी तिथि ४० घटि २५ पला अर्थात रातिमा ११ बजेर २६ मिनेटसम्म त्यसउपान्त चतुर्दशी तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि २१ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १६ मिनेटमा रावण मूहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजेर १ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : साथी संगीहरुसँग कलह, पेट वा कम्मरको रोग लाग्ने, मनपरेको खानामा अवरोध आउनेछ, दिन खराब छ ।

वृष : एक्कासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ट सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हाँसील ।

मिथुन : टाढाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सकियता बढ्नेछ ।

कर्कट : एक्कासी आँखामा खराबी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा विरोधी बढ्नेछन् ।

सिंह : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

कन्या : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

तुला : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

वृश्चिक : यशकीर्ति बढ्ने शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसँग भेटघाटको अवसर मिल्नेछ ।

धनु : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रतिअसन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

मकर : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसँग समधुर ।

कुम्भ : गरेका कार्य अधुरा हुनेछन्, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

मीन : स्वास्थ्यमा खराबी आउन सक्ने, समय विवादित रहनेछ, चोटपटकको भय, नकरात्मक सोचाइले आँफैलाई घाटा ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

ज्येष्ठ नागरिकप्रति राज्यको बेवास्ता

मानव प्रकृतिको उत्कृष्ट रचना हो । चेतनशील प्राणीको रूपमा सृजित मानव स्वाभावैले अनुसन्धानको प्रक्रियामा अनवरत परिश्रम गर्दै मानव समाजलाई बर्बर युगदेखि सभ्य युगमा रूपान्तरण गरेको हो । बर्बर युगदेखि सभ्य संसारको सहस्राब्दियौं लामो यात्रामा प्राप्त गरेका अनुभवको लिपिबद्ध स्वरूपले नै आजको मानवलाई उत्कृष्ट आविष्कार गर्न मूलस्रोत उपलब्ध गराएको हो । २१औं शताब्दिमा आई पुग्दासम्म मानव अनुसन्धान र चमत्कारीक आविष्कार गरेर आफनो श्रेष्ठता प्रमाणित गरि सकेको छ । सभ्य मानव समाजको निर्माण मात्र होइन, मानवाधिकारको सूक्ष्मतम व्याख्या गरेर मानवाधिकारको संरक्षण गर्न विधिलाई सदैव तत्पर पनि राखेको छ । नागरिक हकको सुनिश्चितता गर्ने क्रममा हिले भएपनि नेपालमा बूढ्ढमत्ता दिने चलन २०५१ सालमा मनमोहन अधिकारीको सरकारले ल्याएको हो । त्यतिबेर ७० वर्ष पार गरेकालाई ज्येष्ठ नागरिकलाई रू. ५०० दिने व्यवस्था गरियो । तत्पश्चात् ऐनले ६० वर्ष उमेर पुगेका व्यक्तिलाई ज्येष्ठ नागरिकको मान्यता दिए पनि बूढ्ढमत्ता भने ७० वर्ष उमेर पुगेकाहरूले मात्र पाउन सके । ज्येष्ठ नागरिक ऐन २०६३ को दफा ९(२) ले सार्वजनिक सवारी साधनमा दुई सीट ज्येष्ठ नागरिकका लागि आरक्षित गरि ५०% भाडादरमा छुटको व्यवस्था गरेको छ, तर त्यो भने ऐनको पानामा सीमित रह्यो । यही ऐनलाई कार्यान्वयन गर्न सर्वोच्च अदालतले २०६७ चैत २४ गते सरकारको नाउँमा परमादेश पनि जारी गऱ्यो, तर सर्वोच्च अदालतको आदेशलाई सरकारले कार्यान्वयन गराउन सकेन ।

सर्वोच्च अदालतको आदेश कार्यान्वयन नभएपछि ज्येष्ठ नागरिकहरूले २०६९ फाल्गुन २३ गतेदेखि धर्ना दिएर सरकारको ध्यानाकृष्ट गराउन खोजेको हो । कस्तो विडम्बना ! जसले आफनो जीवनकालमा नेपाली समाजको प्रगतिमा आजीवन योगदान गरे उनको न्यूनतम आवश्यकतापूर्ति सरकारको उदासीनता तथा ऐनमा आएको कुरालाई पनि कार्यान्वयन गराउन नसक्नुले सरकारको अलोकतान्त्रिक चरित्रलाई दर्शाउँदैन ? दियोले अन्धारो हटाए पनि आफू भने अन्धारोमा बस्नु पर्ने बाध्यताका कारणले होला, नेपालका आजका सभ्य मानव बुढेसकालमा प्रवेश गरेका ज्येष्ठ नागरिकको सम्मान गर्न भुलेका छन् । उनको अति न्यून आवश्यकता तथा मायालु वातावरण पाउने उनको नैसर्गिक अधिकारबाट वञ्चित गर्न पछि परेको छैन यो आधुनिक सभ्य मानव । सरकार, समाज र परिवार समेतबाट उपेक्षित यो ज्येष्ठ नागरिकले कानूनले दिएको अधिकार कार्यान्वयन नभएको भनेर आफनो आवश्यक तीनवटा (क) सार्वजनिक सवारी साधनमा समान रूपले ज्येष्ठ नागरिकलाई ५०% भाडा सुविधा दिने व्यवस्था गर्ने (ख) सरकारी अस्पतालमा निःशुल्क तथा निजी अस्पतालमा ५०% छुटमा स्वास्थोपचारको व्यवस्था हुनु पर्ने तथा (ग) ६० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई समान रूपले रू. २००० मासिक भत्ता उपलब्ध गराउनु पर्ने माँग राखेर २०६९ फाल्गुन २३ गतेदेखि ज्येष्ठ नागरिकहरूले मीन भवनमा अवस्थित रूपमा धर्ना कार्यक्रम गर्दै आएका छन् । १६ महिनादेखि लगातार चल्दै आएको यो धर्ना कार्यक्रममाई अस्ति भर्खर महिला बालबालिका तथा समाज कल्याण मन्त्री निलम केसीको आश्वासन पाएको छ ।

नेपालमा प्रजातान्त्रिक पद्धतिको असफलतालाई नाम फेरेर कहिले लोकतन्त्र त कहिले गणतन्त्र भनेर सुधार्ने चेष्टा गरिएको छ । नाम फेरेर होइन, असलमा संस्काको रूपान्तरण आवश्यक छ । नेपालको तीन दिने भ्रमणमा रहेकी म्यानमारकी प्रजातन्त्र नेतृ नोवेल पुरस्कार विजेता आङसाङ सुकीले बी.पी. कोइरालाा जन्म शतवार्षिकीको अवसरमा बी.पी.कोइरालाा स्मृति ट्रष्ट र बी.पी.चिन्तन प्रतिष्ठानले संयुक्त रूपमा आयोजना १ गते शनिवार राजधानीमा आयोजना गरेको "प्रजातान्त्रिक समाजबादको सान्दर्भिकता" सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै भनिन्- "लोकतन्त्र भनेको राजनीतिक दलहरू र सरकार नभई यो संस्कार हो । प्रजातान्त्रिक समाजबाद विशेष जाति वा समूहको हितका लागि नभई आम जनताको हितमा र समानताको पक्षमा हुनु पर्दछ ।"

नेपालको लोकतन्त्रले १६ महिनादेखि करूणाका पात्र ज्येष्ठ नागरिकको चलि रहेको आन्दोलन र त्यस दौरान ६ जना ज्येष्ठ नागरिकको भएको मृत्युलाई पनि देख्न सकेन भने यो लोकतन्त्र कसको लागि हो ? अन्तर्राष्ट्रिय हस्तीको रूपमा परिचित प्रजातन्त्र नेतृको भव्य स्वागतमा जुटेको यो सरकार यही देशमा भिक्षाकै रूपमा अति न्यून मांग लिएर आन्दोलनमा प्राणान्त गरि रहेका बूढबूढाको निसाफ दिन सक्ला ? अन्तर्राष्ट्रिय पाहुनाले स्वागत समारोहको झल्लमल्ल वातावरणमा एक कुनाबाट उठि रहेको ज्येष्ठ नागरिकको हक अधिकार माँगका आर्त्तनाद सुन्न सक्यो होला ? सभ्य नागरिकको स्वाङ भर्ने हाम्रो समाजको यो विकृत रूप उनले हेर्न सक्यो होला ? सम्भवतः होइन । म्यानमारको सैनिकको बर्बर शासन झेलेकी सुकी यहाँको सहज वातावरणमा ज्येष्ठ नागरिकप्रति सरकारको उदासीनतालाई देख्न नसकेकी होली, तर लोकतन्त्र पाटी होइन संस्कार हो भन्ने अभिव्यक्ति दिएर यहाँको केही असमान अवस्थालाई सुधार्न सुझाव दिएर आफनो दूरदर्शिताको उदाहरण पक्कै दिएकी हुन । बिना कसैको रेखदेखमा रोग र पीडाबाट बलिएका ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूले १६ महिनादेखि थालिएको आन्दोलन सम्भवतः संसारको पहिलो आन्दोलन होला जहाँ उनले जग्गा जमीन, धन सम्पत्ति, जागिर वा कुनै वैभव माँगेको छैन । जाबो हिलडुल गर्न भाडामा सहुलियत, बिरामी हुँदा निःशुल्क उपचार र अति न्यून बूढमत्ताका लागि कर्दुयाएिको जाडो र भिषण गर्मीलाई झेल्दै बूढबूढाहरू अशक्त अवस्थामा रहे पनि आन्दोलनलाई निरन्तरता दिएका छन् । सभ्य समाजका सरकारलाई ब्युझाउन आन्दोलनपति चढ्न भै दृढ रहेका यी ज्येष्ठ नागरिकका ६ जना सहकमीहरूको मृत्यु भई सकेको छ । तर सरकार ईमान्दारीपूर्वक उनको माँग सम्बोधन गर्न अगाडि बढेको छैन । बरू छलछामको सहारा लिएर आन्दोलनलाई समाप्त पार्न भने उद्दत देखिन्छ ।

भ्रष्टाचारको चपेटामा रहेका खरबौंको बजेटलाई स्वीकृत गर्न कुनै प्रकारको समस्या नआउने तर ज्येष्ठ नागरिकको सम्मान सरकारको दायित्व रहेकोले यसमा हिच्किचाउनुको कुनै अर्थ देखिदैन । विकासशील देशमा नेपालले रूपान्तरण गर्ने खालका बजेट ल्याएर नाक ठाढो पार्ने सरकारले नेपालाई विश्व मापदण्डमा पुऱ्याउने वाचा गरेको आधा शताब्दि भई सक्यो । राजस्वको वृद्धि, दिनानुदिन रेमिटयान्सको वृद्धि, तथा वैदेशिक सहायताको ओइरोमा पनि नेपालको अधोगतिबारे जिम्मेवारी लिने कोही पनि छैन । प्रगति भएको छ भने हामी हरेक क्षेत्रमा पराधित किन भएका छौं ।

आज परिवार, समाज र देशको सत्ता संचालकको रूपमा रहेकारू पनि भोली ज्येष्ठ नागरिक सरह निरीह अवस्थामा आउँदा त्यही पीडाबोध हुन्छ, जो आज आन्दोलनरत पक्षसंग छ । आमाबाबु देवतुल्य रहेको मान्यता हिन्दुधर्मको संस्कारले दिएको छ । आफनो पूर्वजको नाम लिएर पहिचान राख्ने सन्ततिहरू आज किन ज्येष्ठ नागरिकको माँगलाई बेवास्ता गरेको छ ? समाजको प्रगतिमा उनको योगदानको कुनै महत्व न ठान्ने आजका मानव कसरी आफूलाई सभ्य भन्न सक्छ । जाडो र भीषण गर्मीमा उच्च मनोबल लिई समाजको एउटा अन्धारो पक्षातिर (ज्येष्ठ नागरिकलाई सरकारले बेवास्ता गरेको) सरकारको ध्यानाकर्षण गराउन थालिएको आन्दोलनमा अहिलेसम्म ६ जनाले मृत्यु वरण गरि सकेको छ । ती हुन्- (क) तेजकुमारी खड्का, ६२ वर्ष, मनहरा कोटेश्वर । (ख) नरबहादुर खाँडि, ८६ वर्ष, सामाखुशी । (ग) राम पोखरेल, ८२ वर्ष, कोटेश्वर । (घ) प्रेमहरि अमात्य, ८७ वर्ष, जडीबुटी । (ङ) वासु शर्मा लम्साल, ६५ वर्ष, धपासी । (च) लाल बहादुर खत्री, ८० वर्ष, मनहरा । समाजको एउटा पीडित पक्षको हितका लागि तथा उनको न्यूनतम हक सुनिश्चित गर्ने उद्देश्यका साथ शुरू भएको ज्येष्ठ नागरिकको आन्दोलनमा मृत्यु भएकाहरूप्रति सरकार जिम्मेवार हुनु पर्ने हो कि होइन ? समयमै सरकारले उनीहरूको आवाजलाई सम्बोधन गरेको भए, सरकारलाई ६ जना आन्दोलनकारीको मृत्युको जिम्मेवारी लिनु पर्दैन्थ्यो होला । विगतकालमा आन्दोलनमा मृत्यु हुनेहरूलाई शहीदको सम्मान दिने भएका सरकारका प्रयासहरूले एउटा नजीर त खडा गरि दिएको छ । के त्यही नजीरलाई टेकेर मृत्यु वरण गर्ने आन्दोलनकारीहरू शहीदको सम्मान पाउने हक राख्दैन ? जेहोस्, १६ महिने ज्येष्ठ

उपेन्द्र भा

नागरिकको आन्दोलनभन्दा पनि ६ जना करूणाका पात्र बूढबूढाका आन्दोलनकै कारण मृत्यु भएको खबरले राजधानीवासीलाई धेरै सम्वेदनशील बनाएको छ । यसकारण ज्येष्ठ नागरिकको यो आन्दोलन उँचाई पनि ग्रहण गरेको छ । हरेक पत्रपत्रिकाले ज्येष्ठ नागरिकको आन्दोलनको खबरलाई प्राथमिकताका साथ छाप्न थालेका छन् । ज्येष्ठ नागरिकको आन्दोलन भने अब यस क्षेत्रमा कार्यरत संघ संस्था, मानव अधिकारकर्मी, नागरिक समाज तथा सर्वसाधारण लगायत सबैको चासोको विषय बन्न पुगेको छ । बन्नु पनि पर्दछ । ज्येष्ठ नागरिक संयुक्त संघर्ष समितिका अध्यक्ष महाप्रसाद परजुली तथा सह अध्यक्ष नयेन्द्र खड्काले नेतृत्व गरेको यो आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन सबैको सहयोगको आवश्यकता छ । २०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्याको ९% ६० वर्ष उमेर पुगेका बूढबूढा छन् । यिनको संख्या २१ लाखको हाराहारीमा छ । सन् २०१३ मा "ग्लोबल एज वाच" संस्थाले ज्येष्ठ नागरिकको अवस्थाबारे विश्वका ९१ देशमा एउटा सर्वे गरेको थियो जसमा नेपालको ७७ औं स्थान थियो । दक्षिण एशियाली मुलुकको तुलनामा नेपालमा बूढबूढा धेरै दयनीय अवस्थामा रहेको "ग्लोबल एज वाच" को अध्ययनले देखाएको छ । यही बैशाख ०७१ देखि लागू हुने गरि स्वास्थ्य तथा जनस्वास्थ मन्त्रालयले "ज्येष्ठ नागरिक जेरियाट्रिक वार्ड स्थापना तथा संचालन निर्देशिका-०७०" पारित गरेको छ जस अनुसार देशको विभिन्न पाँच स्थानको अस्पतालमा ज्येष्ठ नागरिकहरूले स्वास्थ्योपचारमा ५०% छुटमा सेवा सुविधा पाउने छन् ।

सभार :मधेश दर्पण फिचर सेवा

कर्म-कर्ण पत्रकारिता पुरस्कार हर्कबहादुरलाई

गोल्डेन न्यूज संवाददाता

पोखरा २५ असार ।

यस वर्षको 'कर्म-कर्ण' आदिवासी जनजाति पत्रकारिता पुरस्कार-२०७१' रेडियो नेपालका सञ्चारकर्मी हर्कबहादुर आलेमगरलाई प्रदान गरिने भएको छ ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीद्वारा सञ्चालित तथा तमु धिं नेपालकी अध्यक्ष कर्म तमुको वैवाहिक वर्षगाँठका अवसरमा हरेक वर्ष असार २९ गते प्रदान गरिँदै आएको सो पुरस्कारका लागि फोनिज कास्की शाखाका सल्लाहकार राजबहादुर गुरुङको संयोजकत्वमा गठित प्रतिभा छनौट समितिले विगत २० वर्षदेखि रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, मालेपाटन, पोखरामा समाचारवाचकका रूपमा कार्यरत वरिष्ठ सञ्चारकर्मी आलेमगरलाई सो पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । प्रतिभा छनौट समितिमा संयोजक गुरुङसहित सल्लाहकार दीपेन्द्र श्रेष्ठ, पुरस्कार दाताको तर्फबाट सरस्वती गुरुङ, पुरस्कृत व्यक्तित्वको तर्फबाट तिलकप्रसाद पुन पुर्जा र फोनिज कास्कीका तर्फबाट अध्यक्ष हुमबहादुर गुरुङ सदस्य रहेका थिए ।

यही असार २९ गते तमु धिं नेपालकी अध्यक्ष कर्म तमुको ३४ औं वैवाहिक वर्षगाँठका अवसरमा हुने विशेष समारोहका बीच वरिष्ठ सञ्चारकर्मी आलेमगरलाई पाँच हजार एक रूपैयाँ राशि नगद र कदरपत्रसहित सो पुरस्कार प्रदान गरिनेछ । यसअघि, यस पुरस्कारबाट पत्रकारद्वय रीता गुरुङ र फोनिजका केन्द्रीय सल्लाहकार तिलकप्रसाद पुन 'पुर्जा' मगर पुरस्कृत भइसकेका छन् ।

पुरस्कारबाट सम्मानित हुन लागुभएका आलेमगरले रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्रबाट मगर भाषाको समाचार वाचन र

तमु मुक्ति मोर्चाको बैठक पोखरामा

पोखरा २५ असार ।

तमु राष्ट्रिय मुक्ति मोर्चा, नेपालको केन्द्रीय समितिको बैठक मंगलवार पोखरामा सम्पन्न भएको छ । तमु मोर्चाका केन्द्रीय अध्यक्ष बखानसिंह तमुको अध्यक्षतामा सम्पन्न बैठकमा प्रमुख अतिथि एकीकृत नेकपा (माओवादी) का पोलिटब्युरो सदस्य एवं तमुवान संयोजक हरिराज अधिकारी, एकीकृत नेकपा (माओवादी) का केन्द्रीय सदस्यद्वय अमर तमु र राजकाजी तमु, मोर्चाका सल्लाहकारहरु क्या. मान बहादुर तमु र लक्ष्मण तमुले प्रशिक्षणमुलक मन्तव्य राखेका थिए । (निरोज बजगाई/विद्यार्थी पत्रकार)

तुरून्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६२२४७०३
अफिस: ०६१-४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

Accounting Training
Special Accounting
"VAT & Taxation
समय : दिउँसो
सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380

खानेपानी चाहिएमा
मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
कार्डुवोलाचोक, भार्खा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मख्खियालाई एक हप्तामा नै हटाइनुका साथै मोरोपना बढाउने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
सामना मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालालाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
न्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
आँहे नदिई जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
धिप्लेढुङ्गा, पोखरा-४, फोन: ४८४६५४५४८८, ०६५-५२४४५४
(मल्ल इम्पोरियमको अगाडि ढा कम्प्लेक्स भन्दा दुई घर तल)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०९६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

रेष्टुरेन्ट बिक्रीमा
पोखराको नयाँबजारस्थित अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणवश तु-बिक्रीमा छ ।
सम्पर्क :
५८४६६०४०२८

घर घडेरी बिक्रीमा
पोखरा उपमहानगरपालिका वडा नं. ११, १२ र १३ मा रहेको आकर्षक घर र घडेरीहरू बिक्रीमा छन् ।
मो.: ९८१४१४४३४३
९८०६७९१६८०

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा
के तपाईंसंग पुराना कम्प्युटरहरू छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।
Online Computer Institute
न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

प्राङ्गारिक कृषि अभियानका लागि ५ लाख अनुदान

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असार ।

जिल्ला कृषि विकास कार्यालय कास्कीले माया अर्गानिक नर्सरी तथा तरकारी फर्म पोखरा १५ लाई प्राङ्गारिक कृषि अभियानका लागि ५ लाख अनुदान सहयोग गरेको छ । क्षेत्रीय कृषि निर्देशनालयका निर्देशक लेखनाथ आचार्य, जिल्ला कृषि विकास कार्यालय कास्कीका वरिष्ठ कृषि विकास अधिकृत रमेशप्रसाद कोइरालाले संयुक्तरुपमा माया अर्गानिक नर्सरी तथा तरकारी फर्मका अध्यक्ष माया केसी लाई चेक हस्तान्तरण गरेका थिए । कृषि मन्त्रालय मार्फत आएको अनुदानलाई जिल्लाले वितरण गरेको बताइएको छ ।

यसैबीच सो संस्थाले बुधबारदेखि बेमौसमी तरकारी खेती रोगाकिरा नियन्त्रण सम्बन्धी ५ दिवसीय तालिमको आयोजना गरेको

छ । कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं क्षेत्रीय कृषि निर्देशक लेखनाथ आचार्यले अहिले अर्गानिक वस्तुको माग रहेको बताउँदै कृतिम रुपमा बनाइएका रासायनिक विषादीको प्रयोग विना प्राकृतिक रुपमा बनाइएका मलहरुको प्रयोगले गरिने खेतिनै अर्गानिक हुने बताए । अनुदानको सही सदुपयोग हुनुपर्ने भन्दै आचार्यले प्राङ्गारिक अभियानमा अनुदानले टेवा पुऱ्याउने बताए । जिल्ला कृषि विकास कार्यालय कास्कीका वरिष्ठ कृषि विकास अधिकृत रमेश प्रसाद कोइरालाले पोखरामा साउनदेखि विषादी भए नभएको कृषि उपज जाँच गर्ने यन्त्र आउने बताउँदै अर्गानिक कृषिपत्र जोड दिनुपर्ने बताए । जिल्ला कृषि विकास कार्यालय कास्कीका प्राविधिक सहायक लिला प्रसाद पंगेनीले मन्त्रालयले उपलब्ध गराएको अनुदान रकममा ५ लाख वप गरेर कार्य गर्नुपर्ने भन्दै राजनीतिकदल सहित आफूहरुले अनुगमन पनि गर्ने बताए ।

माया अर्गानिक नर्सरी तथा तरकारी फर्मका अध्यक्ष माया केसीले आफूहरुले २०औं वर्षदेखि अर्गानिक अभियान संचालन गरेको बताउँदै राज्यले अहिले आएर सहयोग गरेको भन्दै आफूहरुले पूर्ण सदुपयोग गर्ने प्रतिबद्धता पनि जनाएका छन् । विषादीको प्रयोगले मानिसमा विभिन्न समस्या देखिनथालेको भन्दै किसान उपभोक्ता व्यापारी सबै सजग हुनुपर्ने बताए । तालिममा केही स्थानीय सहित आर्बाबाट पनि ५ जना किसानहरु सहभागिता रहेको छ । कार्यक्रममा प्रशिक्षक बालि संरक्षण अधिकृत शिव प्रसाद बराल सुजना केसी मन्तव्य राखेको कार्यक्रमको जेम्स केसीले संचालन गरेका थिए ।

बिग आइकनको तेस्रो चरणबाट ४७ छानिए

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असार ।

बिग आईकन २०१४ को तेस्रो चरणको अडिसनबाट ४७ जनाले चौथो चरणका लागि प्रवेश पाएका छन् । दोस्रो चरणबाट छनौट भएका कुल ८३ जना सहभागिमध्ये बाट उनीहरुले अघिल्लो चरणको लागि कार्ड प्राप्त गरेका हुन् ।

चौथो चरणको अडिसन असार २७ गते हुने एफएमका कार्यक्रम संयोजक संजोग बस्यालले जानकारी दिएका छन् । यसअघि पहिलो चरणबाट दोस्रो चरणका लागि १ सय ४६ प्रतिस्पर्धीहरु छानिएका थिए । पहिलो चरणमा ५० जिल्लाका ८ सय ९० जना प्रतिस्पर्धीहरुले सहभागिता जनाएका थिए ।

'असारे झरीको बिचमा पनि साँगीतिक मन भएका प्रतिभाहरुको बाक्लो उपस्थितले कार्यक्रमको

रौनकता निकै बढाएको छ ।' कार्यक्रम संयोजक बस्यालले भने- 'रियालिटि शो ले पाएको देशव्यापी उचाँई र प्रतियोगितामा भएको सहभागिताकै कारण हामी निकै उत्साहित पनि छौं ।' चौथो चरणको अडिसन २७ गते विहान ९ बजेबाट शुरु हुने उनले जानकारी समेत दिएका छन् ।

बिग आईकनको यो संस्करणमा संगीतकमीद्वय श्यामसुङ तामाङ र सुनील थापा निर्णायकको रुपमा रहेका छन् । नेपालकै सर्वाधिक पुरस्कार राशि भएको रियालिटि शो करिब दुई महिनासम्म चल्नेछ । विजेता बन्नको लागि प्रतियोगिले १९ चरणको अडिसन पार गर्नुपर्नेछ । यसपटक बिग आईकन बन्ने प्रतियोगीले ९ लाख ६० हजार रुपैया बराबरको पियाजिको स्कुटर प्राप्त गर्नुका साथै ब्रिटिश कलेजको स्पोन्सरसिपमा एक हप्ते बेलायतको सांगीतिक भ्रमणको मौका पाउनेछन् ।

यस्तै दोस्रो हुनेले ७५ हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्नेछन् भने तेस्रो हुनेले ५० हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्ने एफएमले जनाएको छ ।

फिगो पीडित थापालाई कञ्चनकोषद्वारा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असार ।

कञ्चन कम्प्युटर कर्मचारी कल्याण कोषले बुधबार रिवान ४ का घाइते विरामी सुनिल थापाको सहयोग स्वरुप १५ हजार सहयोग गरेको छ । केही महिना अघिदेखि पोखरामा १४ मा बड्गुर फर्मामा परिवारसहित काम गर्दै आएका थापालाई केही व्यक्तिले मरणशन्न हुने गरी फिगो टुका-टुका अवस्थामा घाइते बनाएपछि उपचारको अभाव र थापाकै आग्रयमा ३ बच्चा र श्रीमती हाल बेवारिसे अवस्थामा शिवालयचोकमा औषधि र खाना समेतको अभावमा छटपटाई रहेका छन् । सोही सम्बन्धमा केही दिन अघि समाचार आएपछि आफूले सहयोग गर्न इच्छुक भई सहयोग गरिएको कञ्चन कर्मचारी कल्याणकोषका अध्यक्ष डिलबहादुर जिसीले बताए । स्थानीय रुद्र पुनको फर्मामा मासिक ८ हजार मा परिवारै काम गरेता पनि पुनले आफूले तलब, उपचार नगरी बेवारिसे परिवार बिजोग हुनु परेको, साना ३ छोराको जन्मदर्ता नहुँदा स्कूलसम्म पठाउन नसकिएको र आफू भारतीय मुलको भएकोले कसैले सहयोग नगरेकोमा दुःखी भएको थापाकी पत्नी अन्नपूर्णले बताइन् ।

हाल गाउँकै सामाजिक कार्यकर्ता पूर्ण गिरीले रेखदेख र सहयोग गर्दै आएको र उनकै सहयोगले प्राण मात्र धान्न सहयोग भएको छ, अन्य कुनै उपाय नहुँदा आफू र परिवार भोकभोकै रहेको हिन्दी र नेपाली भाषीमा रुँदै बताइन् । सोही राहत वितरण तथा कर्मचारी विदाई कार्यक्रममा कञ्चन कम्प्युटरमा कार्यरत कर्मचारी सकुन्तला कुँवर, युयोजन थापामगरलाई विदाई सम्मान र सपना मानन्धरलाई शुभकामना दिएको थियो । कार्यक्रममा रेडियो सरोजकोटका कार्यकारी निर्देशक कृष्ण थापाले वास्तविक पीडित गरिबलाई सबै मिली सहयोग गर्नसक्नुपर्ने र मिडियाले अभियान बनाई राहत संकलन गरी अनाथ बच्चाको शिक्षामा जोड दिने बताए । कञ्चन कम्प्युटरका प्रबन्ध निर्देशक चिन्तामणि बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी पूर्ण गिरी, सामी परियोजना कार्यक्रम संयोजक माया गुरुङ, प्रोप्राइटर लक्ष्मी बास्तोला, मैनेजर घनश्याम गौतम, कर्मचारी कल्याणकोषका अध्यक्ष दिलबहादुर जिसी, उपाध्यक्ष याम बाटाजु, सचिव सुरज आचार्य, कोषाध्यक्ष सुनिता श्रेष्ठ, विभुषण तिमिल्सिना लगायतले सहयोग कार्यक्रमका लागि कल्याणकारी कोषको वृद्धि गरिने बताए ।

ब्राजिल हारेपछि आत्महत्या

सुनसरी २५ असार ।

वर्ल्डकप फुटबल खेलको सेमिफाइनल खेलमा ब्राजिलले जर्मनीसँग नराम्रो पराजय बेहोरेपछि सुनसरी भरौल-८ पिडारीकी १५ वर्षीया किशोरी प्रज्ञा थापाले आज विहान आफ्नै कोठामा सलको पासो लगाएर आत्महत्या गरेकी छिन् । बाजिलको हारपछि विहानीपख नभिजे मान्दै घरपरिवार र साथीभाइसँग दुख व्यक्त गर्दै गरेकी प्रज्ञाले खानासमेत खान नमानी आफ्नो कोठामा गएकी थिइन् । उनलाई आफन्तजनले मृत अवस्थामा फेला पारेका हुन् । बुधबार जिल्ला अस्पताल इनरुवामा शवको परीक्षण गरी परिवारलाई बुझाइएको इलाका प्रहरी कार्यालय महेन्द्रनगर चक्रघट्टीका प्रहरी निरीक्षक शरद क्षेत्रीले जानकारी दिए ।

आकस्मिक रक्तदानमा पन्ध्र युनिट संकलन

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असार ।

क्षेत्रीय रक्तसञ्चर सेवा केन्द्र पोखरामा 'एबी पोजेटिभ' रगत अभाव रहेको अवस्थालाई ख्याल गरी नेपाल जुनियर रेडक्रस सर्कल महेन्द्र उच्च मावि तथा नेपाल युवा रेडक्रस सर्कल पोखरा बहुमुखी क्याम्पसले संयुक्तरुपमा आकस्मिक रक्तदान कार्यक्रम सम्पन्न गरेका छ । बुधबार विद्यालयको प्राङ्गणमा भएको रक्तदान कार्यक्रममा १५ जना छात्र/छात्राले रक्तदान गरेका छन् । उक्त कार्यक्रमको समुद्घाटन नेपाल रेडक्रस सोसाइटी पोखरा-९ का सभापति एवम् सिद्धार्थ क्लबका अध्यक्ष दीपेन्द्र मसांनीले गरेका थिए । 'विगतको स्मरण, भविष्यको निर्माण' भन्ने स्वर्णजयन्ती वर्ष-

२०७०/०७१ को अवसर पारी जुनियर रेडक्रस सर्कल महेन्द्र उच्च मावि तथा युवा रेडक्रस सर्कल पोखरा बहुमुखी क्याम्पसले नियमितरुपमा विभिन्न कार्यक्रम हरु संचालन गर्दै आइरहेको छ । क्याम्पस प्रमुख एवम् युवा सर्कलका संरक्षक सुनिल मसांनीको अध्यक्षता तथा जुनियर सर्कलका सल्लाहकार पिताम्बर भण्डारीले सञ्चालन गरेको कार्यक्रममा नेपाल रेडक्रसका केन्द्रीय सभासद एवम् जिल्ला सभासद सूर्यप्रसाद ढकाल, जुनियर सर्कका संरक्षक, रामदत्त पौडेल, कम्पस संचालक समितिका सदस्य भीम गौतम, रक्तसंचार केन्द्रका इन्चार्ज ध्रुवमणि लामिछाने, हंसपुर उपशाखाका सदस्य प्रकाश उदास, समाजसेवी सामलाल श्रेष्ठ तथा हरिशचन्द्र शर्मालगायतले बोलेका थिए ।

हड्कङ बजारको अध्यक्षमा सुनार चयन

पोखरा २५ असार ।

पोखराको पृथ्वीचोक सहराटोलमा रहेको पोखरा हड्कङ बजारको साधारणसभा तथा अधिवेशनले दिलिप कुमार सुनारलाई अध्यक्षमा चयन गरेको छ । समितिको उपाध्यक्षमा संगम मरासिनी, सचिवमा काशिराम पौडेल, सह-सचिवमा मोहमताज अलिमियाँ, कोषाध्यक्षमा ख्याम नारायण अधिकारीलाई चयन गरिएको छ ।

समितिको सदस्यहरुमा शुरेस थापा मगर, शुकबहादुर परियार, दुर्गा जि.सी, देवी कुँवर, राजबहादुर गदल, मञ्जिन मिया, ठाकुर लामिछाने, मञ्जिन मिया, विकास कुमार तामाङ रहेका छन् । त्यसैगरि वरिष्ठ संरक्षकमा राजकुमार सुवेदी, वरिष्ठ सल्लाहकारमा हरि प्रसाल फुयाँल, कानुनी सल्लाहकारमा दुर्गा प्रसाद कोइराला चयन भएका छन् । अधिवेशनमा पत्रकार माधव पनेरु र नविन सिग्देललाई सम्मान गरिसरेएको थियो । मा विभिन्न समयमा फुटपाथ व्यवसायीहरुको बारेमा समाचार लेखेर सहयोग गरेको भन्दै सम्मान गरिएको हो । उहीहरूलाई पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत भलकराम अधिकारीले सम्मान गरेका थिए ।

कार्यक्रममा बोल्दै पोखरा उपमहानगरपालिका कार्यालयका कार्यकारी अधिकृत भलकराम अधिकारीले फुटपाथलाई आफूले विस्थापन नभई व्यवस्थापनको नीति लिएको बताए । नगरपालिकाले बजारबाट उठेको फोहरको व्यवस्थापन गरिदिएको उनको भनाई थियो । यद्यपि बजारको व्यवसायिक सफलताको लागि व्यवसायीहरुको ग्राहकप्रति नीतिमा भरपर्ने उनको भनाई थियो । कार्यक्रममा बजाराका कानुनी सल्लाहकार दुर्गा प्रसाद कोईराला, बड़ा नं ९ का बड़ा समन्वय समितिका अध्यक्ष उत्तम जोशी, बड़ा सचिव लोक दर्शन कोइराला लगायतले बोलेका थिए । *(निरोज बजगाईं/विद्यार्थी पत्रकार)*

क्रियटिभ अवार्ड हाउस संचालन

पोखरा २५ असार ।(गोल्डेन)

उत्सवलाई महोत्सव बनाउने उद्घोषका साथ पोखराको नयाँ बजारमा पोखरा क्रियटिभ अवार्ड हाउस संचालनमा आएको छ । पोखराका २ जना युवा उद्यमी रामकृष्ण पौडेल र हिमाल श्रेष्ठले उक्त हाउस सञ्चालनमा ल्याइ व्यवसाय शुरु गरेका हुन् । विदेश जाने रहरलाई त्यागेर युवा उद्यमी पौडेल र श्रेष्ठले ३० लाखको लागतमा आफै व्यवसाय सुरु गरेका हुन । पोखरामा प्रत्येक महिना जसो मेला महोत्सव हुने भएकाले ति मेला महोत्सवलाई ध्यानमा राखेर शिल्ड, अवार्ड,ट्रफि लगायतका सामारी निर्माण सँगै थोक तथा खुद्रा बिक्रिको व्यवसाय शुरु गरेको पौडेलले बताए । त्यस्तै अर्को संचालक श्रेष्ठले ठूलादेखि साना कार्यक्रम र विद्यालय तथा क्यामपसलाई लक्षित गरी व्यवसाय शुरु गरेको बताए ।

पोखरा क्रियटिभ अवार्ड हाउस प्रालिमा विद्यालयका टाई,बेल्ट, स्टाम्प, स्कीन तथा टिसर्ट प्रिन्ट, स्टिकर निर्माण लगायतका सेवा उपलब्ध रहेको बताइएको छ ।

Study in Switzerland & Poland
❖Intake Sep./Oct.
❖No IETS/TOFELS
❖Pay After Visa
❖Gap uo-to 5 years
❖Part time job 20 hour Per Week
❖High chance of Visa
Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

खुशीको खबर ! खुशीको खबर !!
सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।
सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

विदेश जानेहरूका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु नि:शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
☞ शतप्रतिशत उत्तीर्ण गराउन सफल
☞ आफ्नै बेनपाका कम्पनीमा प्रोशेस गराईने ।
☞ १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क फेवा सेक्युरिटी एण्ड क्लर्क सप्लिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स
सटर नं ३०, फोन:- ०६१-५४०७२१, मो. ९८५०-४१४२२

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
☞यौन पुरुष : लिङको साइज बढाउन, योन क्षमता बढाउन, मासदी, छिलापन, टेढापन, हटाउन, घुल खुलाउन रात फर्काउन,
Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेती धर्सा हटाउन
☞केश झर्ने रुघाले रोकी उमार्ने हेयर ट्रनिक मात्र ५००।-
☞मुहार चम्काउने रूप अमृत (Indian) मात्र १०५०।-
☞उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
☞तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
☞शाहे नदिई ३ दिनमै जाँड रक्तीको कुलत हटाउन
☞तौल घटाउने जापनिज डेट मात्र २५००।-
☞दाह तथा जोनी दुखाइ ठीक पार्ने सन्तीसुधा, पेनलिङ
* तौल घटाउन Slim 24 pro
पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झ्यूसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो घाघाँ पोलो, इण्डिफोरेर, दाग धब्बा, मस्किया, कोठी, चाउरपिन हटाई पूरै शरिर गोरो बनाउने ।
तुहुलो पातलो योनिको तौल घटाउने साथै योनी पनि सानदार !!
थप उपचार: प्रेसर, सुगर, जण्डिस, पिसास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै झरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुरलिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८७७, ०६-१२२५४५८, मो. ९८४६१३७४९८

हामी सरेका छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी ऐन ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)
Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

पर्यटन बोर्ड र महासंघबीच दशबुँदे सहमति

काठमाडौं २५ असार ।(रासस)

नेपालको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि सहयोग आदानप्रदान गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्ड र होटल व्यवसायी महासङ्घबीच सहकार्य हुने भएको छ । बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा पर्यटन बोर्डका कामु प्रमुख कार्यकारी अधिकृत सुवास निरौला र महासङ्घका अध्यक्ष अमृत भुजेलले एक समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । पाँचबर्षे समझदारीअनुरुप पर्यटन प्रवर्द्धनका लागि व्यवसायीको व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, अभिमुखिकरण, बजारिकरण, प्रवर्द्धन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तै नेपाल पर्यटन बोर्डले स्थानीय तहमा गर्ने अन्य किसिमका पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम हरुमा होटल व्यवसायी महासङ्घले सहयोग र समन्वय गर्ने पर्यटकलाई बढी सेवा र सुविधा दिने बारेमा समन्वय गर्ने ,अर्न्तराष्ट्रियक्षेत्र र आन्तरिक रुपमा पर्यटन प्रवर्द्धनका लागि प्रचारप्रसार,पर्यटन मेलाको संयुक्तरुपमा आयोजना गर्न दश बुँदे समझदारी गरिएको छ । सो अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका निमित्त सचिव रञ्जनकृष्ण अर्यालले ठूलो दायरा भएको होटल व्यवसायी महासङ्घको सहकार्यले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै यसले होटल व्यवसायलाई थप व्यवस्थित र प्रभावकारी ढङ्गले अघि बढाउन मद्दत पुग्ने बताए । पर्यटन बोर्डका प्रमुख निरौलाले बोर्ड पर्यटन व्यवसायीको साझा संस्था भएकाले निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्ने क्रममा जोखिमपूर्ण लगानी रहेको होटल व्यवसायलाई प्रोत्साहन गरी पर्यटन प्रवर्द्धन गर्ने ध्येयकासाथ महासंघसँग साझेदारी भएको बताए । होटल व्यवसायी महासङ्घका अध्यक्ष भुजेलले दुई संस्थाबीचको समझदारी अनुरुप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा बोर्डले गर्ने कार्यमा महासङ्घले मुख्य साझेदारीको रुपमा काम गर्ने र यसले नेपालको पर्यटन विकास तथा प्रवर्द्धनमा टेवा पुग्ने बताए । कार्यक्रममा नेपाल होटल व्यवसायी सङ्घका अध्यक्ष शेरबहादुर थापा, राष्ट्रिय पर्यटन व्यवसायी सङ्घका महासचिव दामोदर धिमिरेलगायतले आन्तरिक पूर्वाधार मजबुद नभएसम्म पर्यटन प्रवर्द्धनमा समस्या हुने भएकाले व्यवसायीहरु एकाबद्ध र जिम्मेवारीका साथ लाग्नुपर्नेमा जोड दिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइनमा पनि
Log on : www.goldennews.com.np

केही कर्मचारीको आवश्यकता
यस कम्पनीका लागि अफिसमा काम गर्ने तथा बजार प्रतिनिधि भएर काम गर्न केही कर्मचारीहरु आवश्यक परेकाले इच्छुक व्यक्तिहरुले तुरन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क
न्यू पायोनियर इन्टरनेशनल,
रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७५९८, मो. : ९८५६०२५३७०

यसवर्ष पानी कम पर्ने सम्भावना

काठमाडौं २५ असार ।(रासस)

भू-मध्य रेखीय प्रशान्त महासागरमा देखिएको इलनिनोको प्रभावका कारण नेपालमा मनसुन सक्रिय हुन नसकेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। मनसुन सक्रिय हुन नसक्दा यसवर्षको मनसुनी वर्षा दशदिन ढिलो गरी १० जुनमा सक्रिय भएको, सक्रिय भएपछि पनि मध्य तथा पश्चिम नेपालमा सक्रिय हुन १४ दिन लागेको र जेठ-असार (जुन-जुलाई) महिनामा कम वर्षात् भएको विभागले जानकारी गराएको छ।

जल तथा मौसम विज्ञान सम्बन्धी जानकारी दिन आज यहां आयोजित छलफलमा विभागका उपमहानिर्देशक शिव नेपालले यस वर्ष अघिल्ला वर्षभन्दा नेपालमा कम वर्षा हुने विश्व मौसम सङ्गठनले आंकलन गरेको र विभागको आंकलन पनि यही नै रहेको बताए। "पश्चिमी वायुको प्रभाव बढी रही पूर्वीय वायुलाई रोकेको कारण यस वर्ष कम मनसुन सक्रिय हुन्छ र सक्रिय हुने समय पनि कम हुन्छ"-उनले भने।

नेपालमा जुन, जुलाई, अगष्ट, सेप्टेम्बर महिनालाई मनसुन सक्रिय हुने र अक्टुबर महिनालाई मनसुन फर्किने महिनाका रुपमा लिने गरिन्छ। सन् २००३ देखि २०१३ सम्मको आँकडालाई केलाउने हो भने मनसुन सुरु हुने र फर्किने सयममा परिवर्तन भइरहेको विभागले उल्लेख गरेको छ।

उपमहानिर्देशक नेपालले विभागअन्तर्गत विभिन्न स्थानमा रहेका १३ वटा स्टेसनले देखाएको आँकडामा यस वर्षको मनसुनी वर्षा सरदरभन्दा कम रहेको देखाएको बताए । भू-मध्य रेखीय प्रशान्त महासागरमा करिब सात वर्षको अन्तरालमा इलनिनोको प्रभाव देखिने गर्दछ। आकाशे पानीमा निर्भर गर्नुपर्ने नेपालको कृषि प्रणाली भएकाले कम वर्षातले कृषि क्षेत्रमा नकारात्मक असर पर्न सक्ने विभागले प्रक्षेपण कार्यक्रममा गरेको छ। वर्षा नभएका कारण पश्चिम नेपाललगायत अन्य ठाउँमा तापक्रम सरदरभन्दा बढी रहेको विभागले जनाएको छ। विभागले यस वर्ष जुन, जुलाई, अगष्ट र सेप्टेम्बर महिनामा मनसुनको प्रभाव कम हुने आंकलन पनि गरेको छ।

कार्यक्रममा विभागका अर्का उपमहानिर्देशक सरजु वैद्यले मनसुनको उतार चढावले गर्दा तापक्रम साधारणभन्दा बढी रहेको बताए। जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा ऋषिराज शर्माले जल तथा मौसम विज्ञानलाई आधुनिकीकरण गर्न विभागले विभिन्न कार्य गरेको जानकारी दिए। विज्ञान, प्रविधि तथा वातावरण सचिव डा कृष्णचन्द्र पौडेलले कुन दिन पानी पर्छ र रोपाई गर्छु भनेर कृषक सूचना र जानकारी कुरेर बसिरहेका हुन्छन्, उनीहरुलाई सही जानकारी दिन आवश्यक रहेको बताए।

संगठन विस्तारमा नेपाली कांग्रेस

काठमाडौं २५ असार ।(रासस)

नेपाली कांग्रेसले क्रियाशील सदस्यता वितरणका लागि तोकिए भन्दा धेरै माग आएकाले त्यसबारेमा निर्णय गर्दै आगामी असोज मसान्त सम्म फारम भरेर केन्द्रमा आइसक्नुपर्ने निर्णय गरेको छ। कांग्रेसले यसअघि कायम रहेको पार्टी को क्रियाशील सदस्य सङ्ख्याको ५० प्रतिशतसम्म नयां सदस्यता थप गर्न अनुमति दिएको भएपनि थप मात आएकाले सो सम्बन्धमा पार्टी केन्द्रीय कार्यालय सानेपामाबुधवार बसेको पदाधिकारी बैठकले सो निर्णय गरेको हो।

कांग्रेसले पार्टीको १३औं महाधिवेशनको तयारीका लागि क्रियाशील सदस्यता नवीकरण र वितरणको उचित व्यवस्थापनका लागि जिल्ला, क्षेत्रीय, गाउँ र वडाका अध्यक्ष हुँदै कार्यसमितिको निर्णयमार्फत मात्र गर्ने भएको बैठकपछि प्रवक्ता दिलेन्द्र बडूले जानकारी दिए। बैठकले विपी जन्मजयन्ती शताब्दीको अवसरमा मूलुकभर विभिन्न कार्यक्रम गर्ने र थपिएका नगरपालिकाअनुसार पार्टीको सङ्गठनात्मक संरचना यथासम्भव छिटो विस्तार गर्नकालागि विधानअनुसार संरचना निर्माणको आधार तय गरी विस्तार गर्ने निर्णय गरेको छ। कार्यवाहक सभापति रामचन्द्र पौडेलको सभापतित्वमा बैठक बसेको थियो।

वर्षाले बाग्लुङ–बुर्तिवाङ यातायात अवरुद्ध

बाग्लुङ २५ असार ।(रासस)

वर्षायाम लागेसँगै मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ-बुर्तिवाड सडकखण्ड ठाउँठाउँमा अवरुद्ध भएको छ। सडकखण्डमा पर्ने खोलाहरूमा पानीको बहाव बढेपछि गाडी बारपार गर्न सकिएको छैन। करिब ९५ किलोमिटरको यस खण्डको तीन स्थानमा यातायात अवरुद्ध भएको थौलागिरि अञ्चल जिप व्यवसायी समिति बागलुङले जनाएको छ। हटिया-हरिचौर जोड्ने दरमखोला, स्वालीचौरको न्वाराखोला र भीमगिठेस्थित भीमगिठे खोलामा पानीको सतह बढेपछि बुर्तिवाडदेखि सदरमुकाम सम्मको सिधा यातायात सेवा प्रभावित भएको हो। बस, जिपलगायत कुनै पनि सवारी साधनले खोला बारपार गर्न नसकेको समितिका उपाध्यक्ष होमबहादुर बस्नेतले बताए। सिधा यातायात रोकिए पनि ठाउँ-ठाउँबाट गाडी परिवर्तन गरेर भए पनि यात्रुलाई गन्तव्यसम्म पुऱ्याउन समितिले सेवा दिइरहेको उपाध्यक्ष बस्नेतको भनाइ छ। सदरमुकामदेखि हटिया बजारसम्म, हरिचौरको भैंसेदेखि स्वालीचौरको न्वारासम्म, न्वाराबाट भीमगिठेसम्म र भीमगिठेबाट बुर्तिवाडसम्म गरी चार ठाउँबाट यातायात सुचारु गरिएको छ। वर्षायाममा नरेठाँटी खोलामा पनि यातायात अवरुद्ध हुँदै आएकोमा यो वर्ष अहिलेसम्म नरोकिएको समितिले जनाएको छ। लगातार वर्षा भइरहे नरेठाँटी खोलाको सतह पनि बढ्ने र त्यहां पनि यातायात अवरुद्ध हुने निश्चित देखिन्छ। समयमै पुल नबन्दा बागलुङ-बुर्तिवाड सडकखण्ड बर्सेनि अवरुद्ध हुँदै आएको छ। "खोला बढेर गाडी नतर्ने समस्या त छँदैछ, त्यसबाहेक दैनिकजसो हुने बाढी र पहिरोका घटनाले पनि सडक अवरुद्ध पार्ने गरेको छ", उपाध्यक्ष बस्नेतले भने, "मध्यपहाडी लोकमार्गले सडक विस्तारलगायतका पूर्वाधार निर्माण गरिरहेकाले सडक भत्केने, पहिरो जाने समस्या बढी छ।" बाढी तथा पहिरोका कारण रोकिएको सडक भने डोजर लगाएर तत्काल खुलाउने गरिएको छ।

२० लाखमा पार्किङस्थल निर्माण

तनहुँ २५ असार ।(रासस)

आदिकवि भानुभक्तको जन्मस्थल चुदीरम्घाको धर्मशालामा रु २० लाखको लागतमा सवारी साधनका लागि पार्किङ स्थल निर्माण गरिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहयोगमा सो पार्किङ स्थल निर्माण गरिएको भानु जन्मस्थल विकास समितिले जनाएको छ। सो समितिको कार्यालयदेखि धर्मशाला सम्म जोड्ने ४ किलोमिटर मोटरबाटो निर्माण गरी सवारी साधनका लागि पार्किङ स्थल बनाइएको समितिका अध्यक्ष विष्णुहरि पाण्डेले बताए। सडक कार्यालयको रु २४ लाखको लागतमा सो ४ किलोमिटर बाटो निर्माण गरिएको थियो। सोही ठाउँमा रु १३ लाखको लागतमा धर्मशाला बरिपरिको १० रोपनी जग्गामा गत वर्ष नै पखाल लगाउने काम भइसकेको जानकारी अध्यक्ष पाण्डेले दिए। धर्मशाला वरपर भानुभक्त कालीन घर, सङ्ग्रहालय, पोखरी, विज्जुली, भ्यू टावर लगायतका संरचना निर्माण गर्न भानु जन्मस्थल विकास समितिले पश्चिमाञ्चल विकास मञ्चसँग सम्झौता गरी रु १४ करोड बराबरको गुरुयोजना तयार गरी काम अगाडि बढाइसकेको समितिले जनाएको छ।

जनजाति तथा पिछडिएकालाई कम्प्युटर तालिम

गोल्डेन न्यूज संवाददाता

पोखरा २५ असार ।

लेखनाथ नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम अर्न्तगत जनजाति तथा पिछडिएका वर्गको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तीन महिने बेसिक कम्प्युटर तालिम सम्पन्न गरेको छ। कसमस कम्प्युटर लेखनाथ चोक अधौंको प्राविधिक सहयोगमा सम्पन्न तालिममा ४५ जना प्रशिक्षार्थीहरु लाभान्वित बनेका छन्।

बुधवार लेखनाथ नगरपालिकाको सभाहलमा सम्पन्न समापन समारोहमा बोल्दै लेखनाथ नगरपालिकाका कार्यकारी अधिकृत रामचन्द्र पौडेलले सहभागीहरुलाई धन्यवाद दिँदै तालिममा सिकेका कुरा व्यवहारिक जीवनमा लागु गर्नुपर्नेमा जोड दिए। त्यस्तै कार्यक्रमका सभापति तथा कममस कम्प्युटरका प्रोप्राईटर केशवराज लामिछानेले नगरपालिकाले ल्याउने भावि योजनाहरुमा पनि आफु र आफ्नो इस्टिच्युट सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरे। प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र समेत वितरण गरिएको उक्त समापन समारोहमा लेखनाथ नगरपालिकाको सामुदायिक शाखा प्रमुख मिना भण्डारी तथा कार्यक्रम संयोजक मधुमाया बस्तिोला तथा प्रशिक्षार्थीहरु बिर बहादुर परियार र ज्योति थापामगरले पनि आ आफ्ना भनाई राखेका थिए। प्रशिक्षक गोमा कुमारी अधिकारीले संचालन गरेको कार्यक्रममा अर्की प्रशिक्षक शुशिला गुरुङले स्वागत मन्तव्य राखेकी थिइन्।

पत्रकारका हत्यारालाई जन्मकैद

झापा २५ असार ।(रासस)

झापाका पत्रकार यादव पौड्यालको तीन वर्षअघि भएको हत्यामा संलग्न रहेको अभियोगमा तीन जनालाई पुनरावेदन अदालत इलामले जन्मकैदको सजाय सुनाएको छ। पुनरावेदन अदालत इलामका न्यायाधीशद्वय उदयप्रकाश चापागाई र गुणराज दुङ्गेलको संयुक्त इजलासले आज पत्रकार पौड्यालको हत्यामा आरोपित झापाका युवराज गिरी, फूलमाया भनिने मञ्जु ढकाल (कार्की) र सोमनाथ ढकाललाई जन्मकैदको फैसला सुनाएको हो। अदालतले हत्यामा दोषी ठहऱ्याइएका अर्का आरोपित मदन गाईलाई भने ६ महिनाको कैद सजाय सुनाएको छ। विसं २०६८ चैत २१ गते झापाको विर्तामोडस्थित बसपार्कमा पत्रकार पौड्यालको हत्या भएको थियो। मोरङ सिजुवा घर भएका ३८ वर्षीय पत्रकार पौड्याल राजधानी दैनिक र एभिन्युज टेलिभिजनका संवाददाताका रूपमा कार्यरत थिए।

सभासदलाई...

आदेश जारी गर्न माग गरिएको छ।

यसबैचीच पूर्व उपप्रधानमन्त्री एवम् नेपाली कांग्रेस नेकी सुजाता कोइरालाले सभासदलाई रु पाँच करोड दिन अहिले आवश्यक नभएको बताएकी छिन्। विराटनगरमा बुधवार सञ्चारकर्मीसँग कुरा गर्दै नेकी कोइरालाले लामो समयदेखि स्थानीय निकाय राजनीतिक नेतृत्वविहीन अवस्थामा रहेकाले रु पाँच करोड दिए भ्रष्टाचार झन् वृद्धि हुने आशंका व्यक्त गरिन। उनले रु पाँच करोड सभासदलाई दिनुको साटो ठुला विकास योजनामा सरकारले रकम खर्च गर्नुपर्ने सुझाव दिइन। नेकी कोइरालाले रु पाँच करोड सभासदलाई दिने कांग्रेसको यो निर्णयले पार्टीलाई नै असर पर्ने भएकाले अविलम्ब यो निर्णय फिर्ता लिनुपर्ने बताए।

हार्दिक बधाई

BOARD OF DIRECTORS 2014-15

Rh. Ashok Dhakal
President

IPP er Roshan adhikari

fr. Sandip Dhungana
Vice-President

Rh. Prajwal Adhikari
Secretary

Rh. Sudip Neupane
Treasurer

Rh. Roshani Ramal
Sergeant-at-Arm

Rh. Rupa Ale
Club Service Dir.

Rh. Sadiksha Regmi
Com. Service Dir.

Rh. Ramesh Adhikari
Int'l Service Dir.

Rh. Sujan Neupane
Prof. Dev. Director

Rh. Sandip Poudel
Editor

Rh. Amrit Thapa
Public Relation Officer

Rh. Chiranjivi Neupane
IMF Officer

हाम्रा आत्मीय मित्र एंव यस संस्थाका लेखा प्रमुख श्री **अशोक ढकाल**ज्यू रोट्याक्ट क्लब अफ लेखनाथको वर्ष २०१४/१५ को लागी निर्वाचित हुनु भएका उहाँ र सम्पूर्ण कार्यसमितिका पदाधिकारीलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।

बाबुराम गिरी
अध्यक्ष एवं
लेखनाथ उद्योग वाणिज्य संघ परिवार
लेखनाथ-१, भण्डारढिक

स्तरीय फिजियोथेरापी

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ युके तथा अमेरिकामा काम गरि अनुभव संगालु भएका वरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरू : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झनझनाउने, पोल्ने, नशा तथा हड्डिडका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३८३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

काठमाडौंका टाउको, नशा, मानसिक रोग विशेषज्ञ पोखरामा

डा. प्रविन भट्टराई (नशा तथा मनोरोग विशेषज्ञ (Neuro-Psychiatry)

TU Teaching Hospital मा विशेष अनुभव प्राप्त तथा मानसिक अस्पताल लगनखेलमा कार्यरत डाक्टर पोखरामा आउनुहुने भएकाले तल उल्लेखित समस्या भएका बिरामीहरुले पोखरामा नै बसी काठमाडौंको सेवा लिने मौका नछुटाउनुहोला ।

प्रत्येक महिनाको चौथो शनिबार

जाँच गरिने प्रमुख समस्याहरू

- लामोसमयदेखि टाउको दुखेमा
- मुटुको धड्कन बढ्ने, डर लाग्ने, मनमा कुरा खेल्ने, चिन्ता लिने, छटपटी हुने
- बेहोस हुने, छोप्ने वा छारे रोग
- निन्द्रा नलाग्ने
- यौन इच्छा वा शक्तिमा कमि हुने
- मन दिक्क हुने, जाँगर नलाग्ने, शरीरमा तगत नभएको जस्तो हुने, खाना रुचि नहुने, आलस्य हुने
- हातखुट्टा तथा शरीर पोल्ने, झनझनाउने तथा लाटो हुने
- जाँड रक्सी तथा अन्य लागू पदार्थको समस्या
- बच्चाहरुमा रात्रि ओछ्यानमा पिसाब फेर्ने समस्या
- अचानक व्यवहारमा परिवर्तन
- उदासपन, जीवनदेखि निराश लाग्ने, आत्मबल कम हुने
- हातखुट्टाको नशा गल्ने, काप्ने, कमजोर वार काम नगर्ने समस्या भएमा तथा अन्य नशा एवं मनोरोग सम्बन्धी समस्याका लागि ।

मिति : २०७१ असार २८ गते शनिबार **समय : बिहान ८ बजेबाट**

सम्पर्क स्थान : पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.,
पोखरा-१०, इन्द्रचोक, (रंगशाला २ नं. गेट अगाडि)
फोन : ०६१-५२१४२४, ५२८२४३
फोनबाट समेत नाम दर्ता गराउन सकिनेछ ।

ठूलो पर्दामा वर्ल्डकप-२०१४



त्यसको साथमा रु.५००।-मा
वियरसहित स्न्याक्स फ्रि !
सम्पर्क
डेनिज फेमिली रेष्टुरेन्ट
सभागृहचोक, पोखरा, फोन : ०६१-५४१७१२

के तपाईंमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरुमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोगोलो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने -बाँझोपन) मि सन्तानको सफल उपचार
जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८१९४, ९८४६०४११३१, ९८०४१७२५३१



सुनौलो पब्लिकेशन प्रा.लि द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा